# सञ्चय कोष

ISSN: 3021-9353

Online

ई-न्यूजलेटर

(कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन)

वर्ष १३ । अंक ५२ ।

२०८२ बैशाख-असार


## वरिष्ठ कार्यकारी मञ्चको बैठक र बजेट तथा विशेष कार्यक्रमको समीक्षा तथा छलफल कार्यक्रम सम्पन्न






कर्मचारी सञ्चय कोष, योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागको आयोजनामा वरिष्ठ कार्यकारी मञ्चको प्रस्तुतीकरण र बजेट तथा विशेष कार्यक्रमको समीक्षा कार्यक्रम मिति २०८२ जेठ २३ र २४ गते हिमालय दृश्य होटल धुलिखेलमा सम्पन्न भएको छ ।

कर्मचारी सञ्चय कोषका प्रशासकको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा सह प्रशासक, विभागीय प्रमुख, वरिष्ठ प्रबन्धक, शाखा कार्यालय प्रमुख, प्रबन्धक र सेवा केन्द्र प्रमुखहरूको सहभागिता रहेको थियो ।

वरिष्ठ कार्यकारी मञ्चको प्रस्तुतीकरण तथा बजेट छलफल कार्यक्रम, २०८२ का सम्बन्धमा योजना अनुगमन तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख नबराज पौडेलले सङ्क्षिप्त प्रकाश पार्दै कार्यक्रममा सहभागी कोषका प्रशासक, सह प्रशासक लगायत सबै उच्च व्यवस्थापक, कार्यकारी मञ्चका सदस्यहरू, शाखा तथा सेवा केन्द्रका प्रमुख, क्रियाशील कर्मचारी सङ्गठनका अध्यक्ष तथा प्रतिनिधि लगायत सहयोगी कर्मचारीहरूलाई स्वागत गर्नुभएको थियो । उक्त कार्यक्रमको सञ्चालन योजना अनुगमन तथा जोखिम व्यवस्थापन विभागका वरिष्ठ प्रबन्धक कृष्णप्रसाद शर्माले गर्नुभएको थियो ।

कार्यक्रममा नेपालको सङ्घीय संरचनाको सामाजिक सुरक्षा प्रणालीमा कर्मचारी सञ्चय कोषको भूमिकाको प्रस्तुतीकरण, छलफल र अन्तरक्रिया लगायतका विषयवस्तुमा आधारित रही ६ वटा समूहबाट आ-आफ्नो प्रस्तुतीकरण गरिएको थियो ।

Themetic Framework नेपालको सङ्घीय संरचनामा सामाजिक सुरक्षा प्रणाली कर्मचारी सञ्चय कोषको भूमिका विषयको मुख्य प्रस्तुतीकरण र सोही विषयमा आधारित भई गरिएका अन्य प्रस्तुतीकरणको Moderating को भूमिकामा कोषका सह प्रशासक भरतराज वस्ती रहनुभएको थियो ।

सहभागीहरूको प्रतिक्रिया पश्चात् कोषका सह प्रशासक जीवनकुमार कट्वालले पहिलो दिनको कार्यक्रमको Closing Remarks राख्नुभएको थियो । उहाँले Forum मा भएका प्रस्तुतीकरणहरूमा सङ्क्षिप्तमा समीक्षा गर्दै कोषले अबका दिनमा गर्नुपर्ने Reform का विभिन्न आयामको व्यापक विश्लेषण गर्नुभयो ।

कार्यक्रममा आ.व. २०८१/८२ को वार्षिक बजेट तथा विशेष कार्यक्रमको समीक्षा र आ.व. २०८२/८३ को प्रस्तावित वार्षिक बजेट तथा कार्यक्रमका बारेमा छलफल भएको थियो । उक्त कार्यक्रम पश्चात् ट्रेड युनियनका प्रतिनिधिहरूलाई युनियनको धारणा व्यक्त गर्न समय दिइएको थियो । नेपालको सङ्घीय संरचनामा सामाजिक सुरक्षा प्रणाली र त्यसमा कर्मचारी सञ्चय कोषको भूमिका विषयमा कोषमा क्रियाशील ट्रेड युनियनका तर्फबाट समेत धारणा राखिएको थियो ।

कार्यक्रमको अन्त्यमा कोषका प्रशासक जितेन्द्र धितालले कर्मचारी सञ्चय कोष विगत केही वर्षदेखि Transition Phase मा रहेको र यसलाई नेपाल सरकारले गरेका निर्णयहरूले समेत पुष्टि गरेका बताउनु भयो । उहाँले चुनौतीसँगै अवसर पनि आएकाले चुनौतीलाई Internalize गरी कोषको भविष्यलाई अझ उज्वल बनाउन हामी सबै अग्रसर भई अगाडि बढ्न आवश्यक रहेको उल्लेख गर्नुभयो ।

# सामाजिक सुरक्षामा रू. ५५ करोड ८५ लाखभन्दा बढी रकम वितरण

आर्थिक वर्ष २०८१/८२ मा कोषले २५ हजार ३५५ सञ्चयकर्तालाई करिब ५५ करोड ८५ लाख रूपैयाभन्दा बढी रकम सामाजिक सुरक्षातर्फ प्रदान गरेको छ। जसअनुसार, सञ्चयकर्ता स्वास्थ्योपचार सुविधा अन्तर्गत साधारण रोगतर्फका ३ हजार ९५९ सञ्चयकर्तालाई रू. १४ करोड ७० लाख, घातक रोगका लागि १ हजार ३९६ सञ्चयकर्तालाई रू. १९ करोड २७ लाख रूपैयाँभन्दा बढी प्रदान गरिएको छ। त्यसैगरी, सुत्केरी तथा शिशु स्याहार सुविधा अन्तर्गत १९ हजार ११० जनालाई रू. १४ करोड ३३ लाख, काजकिरिया अनुदान योजनामा ६०५ जनाका आश्रित परिवारलाइ रू. २ करोड ४२ लाख रूपैया र दुर्घटना क्षतिपूर्ति सुविधा अन्तर्गत १७० जनालाई रू. ३ करोड ४० लाख प्रदान गरिएको छ। त्यस्तैगरी कल्याणकारी योजना अन्तर्गत ११५ जना सञ्चयकर्तालाई रू. १ करोड ७२ लाख २५ हजार रूपैयाँ भुक्तान गरिएको छ।



# ब्याजदरमा परिवर्तन

कोषको सञ्चालक समितिले आर्थिक वर्ष २०८२/८३ का लागि सञ्चय कोष तथा निवृत्तभरण कोष रकममा दिने र कर्जामा लिने ब्याजदरमा पुनरावलोकन गरेको छ। सञ्चालक समितिको मिति २०८२/०३/१४ (बैठक नं. १७११) को निर्णयअनुसार, सञ्चय कोष तथा निवृत्तभरण कोष जम्मा रकममा दिइने ब्याज ५ प्रतिशत रहेको छ भने सापटीतर्फ विशेष सापटीमा ६.२५ प्रतिशत घर सापटी, शैक्षिक सापटी, घर मर्मत सापटीमा ७.२५ प्रतिशत, जग्गा खरिद सापटी र सरल सापटीमा ७.५० प्रतिशत ब्याज लिने निर्णय गरेको छ। साथै, धितोमा आधारित कर्जाको ब्याज नियमित रूपमा चुक्ता गर्ने सञ्चयकर्ताको हकमा ०.२५ प्रतिशत छूट दिने निर्णय भएको छ।

# योगदानमा आधारित निवृत्तभरणमा ४ हजार २० कार्यालय तथा ९९ हजार ३९१ योगदानकर्ता आवद्ध

सरकारी कर्मचारीहरूका लागि निवृत्तभरण कोष ऐन, २०७५ कार्यान्वयनमा आएसँगै २०७६ साल श्रावणपश्चात सरकारी सेवामा स्थायी नियुक्त हुने कर्मचारीहरूका लागि योगदानमा आधारित निवृत्तभरण प्रणाली लागू गरिएको छ। आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्म सरकारी, सार्वजनिक संस्थान, बोर्ड, समिति र सङ्गठित संस्थाहरू गरी करिब ४ हजार २९० कार्यालय तथा संस्थाहरू योगदानमा आधारित निवृत्तभरण कोषमा आवद्ध भएका छन्। नेपाल सरकारबाट कोष सञ्चालनको जिम्मेवारी पाएसँगै हालसम्म ४ हजार २ सय ९० कार्यालयमा कार्यरत ९९ हजार ३९१ जना योगदानकर्ताहरूको करिब रू. १५ अर्ब योगदानमा आधारित निवृत्तभरण जम्मा भएको छ।



# महाशाखा, शाखा/सेवाकेन्द्र प्रमुखहरुको जिम्मेवारीमा हेरफेर

कोषका विभिन्न पाँच शाखा प्रमुखहरू र एक सेवा केन्द्र प्रमुखको जिम्मेवारीमा हेरफेर भएको छ। प्रशासकस्तरीय निर्णय अनुसार, मिति २०८२/०२/०८ मा शाखा प्रमुख तथा सेवाकेन्द्र प्रमुखको जिम्मेवारी हेरफेर भएको हो।

मानव संशाधन व्यवस्थापन विभागका अनुसार, योजना अनुगमन तथा जोखिम व्यवस्थापन विभागमा कार्यरत वरिष्ठ प्रबन्धक कृष्णप्रसाद शर्मालाई धनगढी शाखा प्रमुखको जिम्मेवारी दिइएको छ र धनगढी शाखा प्रमुख राजेन्द्र लामिछानेलाई कोष व्यवस्थापन विभागमा सरूवा गरिएको छ।

बुटवल शाखा प्रमुख कृष्णबहादुर जि.सी. लाई कोहलपुर शाखा प्रमुखमा र कोहलपुर शाखाका प्रमुख शशीकुमार देवकोटालाई आर्थिक प्रशासन विभागमा सरूवा गरिएको छ।

सम्पति व्यवस्थापन विभागका प्रबन्धक मुकुन्द अर्याललाई सुर्खेत शाखा प्रमुखमा र सुर्खेत शाखाका प्रमुख ध्रुवप्रसाद तिवारीलाई सामाजिक सुरक्षा विभागमा सरूवा गरिएको छ।

कोष व्यवस्थापन विभागमा वरिष्ठ प्रबन्धक पदमा कार्यरत अर्जुन निरौलालाइ जनकपुर शाखा प्रमुखको जिम्मेवारी दिइएको छ भने जनकपुर शाखाका प्रमुख रामप्रसाद लामिछानेलाई सेवा प्रर्वद्धन महाशाखामा सरूवा गरिएको छ।

त्यस्तै, सम्पति व्यवस्थापन विभागमा प्रबन्धकको पदमा कार्यरत केशपकुमार बुढाथोकीलाई बुटवल शाखाको प्रमुखमा जिम्मेवारी दिइएको छ।

सेवाकेन्द्र, सिंहदरबारका प्रमुख बालकुमारी न्यौपानेको ठाउँमा निवृत्तभरण व्यवस्थापन तथा सामाजिक सुरक्षा विभागका प्रबन्धक बद्रिराज खड्कालाई जिम्मेवारी दिइएको छ।

# सम्मान तथा बिदाई कार्यक्रम




आर्थिक वर्ष २०८१/०८२ मा कोषको सेवाबाट निवृत्त हुनुभएका कर्मचारीहरूको सम्मान तथा बिदाई गर्न कोषले मिति २०८१/०३/२० मा सम्मान तथा बिदाई कार्यक्रम आयोजना गरेको छ। कोषका प्रशासक, सह प्रशासक र विभागीय प्रमुखहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा अवकाश हुने कर्मचारीहरूलाई प्रशासकले मायाको चिनो प्रदान गरी सम्मान गर्नुभयो।

यसरी अवकाश हुने कर्मचारीहरूमा मुख्य प्रबन्धक अर्जुनकुमार गौतम, वरिष्ठ प्रबन्धक कल्पना मानन्धर, उप प्रबन्धक देविप्रसाद गौतम, उप प्रबन्धक कृष्णप्रसाद अधिकारी, उप प्रबन्धक चन्द्रबहादुर सुवेदी, उप प्रबन्धक रमिता श्रेष्ठ, सहायक प्रबन्धक शैलेश धौभडेल, सहायक प्रबन्धक (अन्य सेवा) लता कुमारी कण्ठ कायस्थ र प्रमुख सहायक (अन्य सेवा) रामचन्द्र पोखरेल रहनुभएको थियो।

कार्यक्रममा सह प्रशासक जीवनकुमार कट्वालले अवकाश हुनुभएका कर्मचारीहरूले आफ्नो जीवनको उर्जाशील र उर्वर समय कोषको उन्नयनमा समर्पित गरी पुऱ्याउनुभएको योगदानको उच्च सम्मान गर्दै अवकाशपछिको पारिवारिक एवम् सामाजिक जीवन सुखमय रहोस् भनी शुभकामना दिनुभयो।

# तालिम तथा क्षमता विकास




Sitting Row (L to R) (Prof./Dr./Mr./Ms.) : Deepa Dhakal, Bhawana K C, Saraswati Pariyar, Niva Bhandari (Programme Director), Arvind Sahay (Director, MDI Gurgaon), Vibhava Srivastava (Programme Director), Ranganathan S. (COO-MDP), Tara Kandel, Anjana Aryal

Standing Row (L to R) (Prof./Dr./Mr./Ms.) : Surendra Prasad Das, Dinesh Kumar Chaudhary, Khum Kanta Bhandari, Santosh Sapkota, Falguni Dhimal, Bina Bhattarai, Ram Krishna Acharya, Jiwan Dhimal, Deepak Sharma, Yadav Raj Pandit

कोषले भारतको गुरगाउँमा अवस्थित Management Development Institute सँगको समन्वयमा कोषमा कार्यरत प्रमुख सहायक कर्मचारीहरूलाई तालिममा सहभागी गराएको छ । मिति २०२५ को ३० जुनदेखि ४ जुलाईसम्म सञ्चालित Advanced Management Programme for EPF Nepal विषयेक तालिममा कोषका तर्फबाट १५ जना प्रमुख सहायक कर्मचारीहरूको सहभागिता रहेको थियो। तालिम समापनपश्चात् सहभागी कर्मचारीहरूले कोषको सम्बन्धित तालिम शाखामा समीक्षा र प्रतिवेदन पेस गर्नुभएको थियो।

# कर्मचारी सञ्चय कोष नियमावली, २०८१ लागू

कर्मचारी सञ्चयकोष नियमावली, २०८१ लागू भएको छ। कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ३० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृतिमा कोष सञ्चालक समितिको मिति २०८१/१२/२८ को निर्णयबमोजिम यो नियमावली लागू भएको हो।

१० परिच्छेद र १ अनुसूचीमा विभाजित यस नियमावलीमा कोष कट्टी रकमको दर, सङ्कलन, लेखाङ्कन, व्याज र मुनाफा वितरण, कोष रकम फिर्ता तथा खाता व्यवस्थापन, सञ्चालक समितिको अभिलेख, अधिकार प्रत्यायोजन तथा समितिको बैठकको कार्यविधि, आर्थिक प्रशासन, लेखा, सम्पति व्यवस्थापन, लेखापरीक्षण, लगानी तथा असूली, मुनाफा रकम बाँडफाड लगायतका विविध विषयमा स्पष्ट गरिएको छ। त्यस्तै, सञ्चालक समितिका अध्यक्ष र सदस्यको पद तथा गोपनीयताको शपथग्रहणको ढाँचालाई अनुसूचीमा राखिएको छ।

यो नियमावली लागू भएसँगै कर्मचारी सञ्चय कोष ऐन, २०१९ को कार्यान्वयनमा थप सहजता भएको छ।

# कर्मचारी सञ्चय कोष, वार्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मापदण्ड, २०८२ लागू

कर्मचारी सञ्चय कोष, वार्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मापदण्ड, २०८२ मिति २०८२/०२/०८ मा प्रशासकबाट स्वीकृत भई लागू भएको छ ।

कोषका प्रशासक र विभाग, शाखा तथा सेवाकेन्द्र प्रमुखबीच भएको वार्षिक कार्यसम्पादन सम्झौतामा उल्लेखित स्वीकृत योजना तथा वार्षिक कार्यक्रम र बजेट कार्यान्वयनमा जवाफदेहिता र प्रभावकारिता अभिवृद्धि गरी योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनलाई तथ्यपरक, गुणस्तरीय, पारदर्शी र विश्वसनीय बनाउन यो मापदण्ड लागू भएको हो । यो मापदण्ड लागू भएसँगै कर्मचारी सञ्चय कोष, अनुगमन तथा मूल्याङ्कनको मापदण्ड तथा कार्यविधि, २०७० खारेजी गरिएको छ ।

# शाखा कार्यालय, विराटनगरको गतिविधि

## बर्जुमा सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय विराटनगरले सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । सुनसरीको बर्जु गाउँपालिकाको सभा हलमा सम्पन्न उक्त कार्यक्रममा बर्जु गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा लेखासम्बन्धी कार्य गर्ने कर्मचारीहरू लगायत करिब ५० जनाको सहभागिता रहेको थियो । शाखा कार्यालय, विराटनगरकी कार्यालय प्रमुख रुकमणी ठकुरीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा बर्जु गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रविन्द्रकुमार महत प्रमुख अतिथि रहनुभएको थियो। त्यसैगरी गाउँपालिकाका प्रशासन प्रमुख सन्तोषकुमार बन्जरा र शिक्षा शाखा प्रमुख हेमराज दाहाल अतिथि रहनुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि प्रमुख प्रशासकीय अधिकृत रविन्द्रकुमार महतले कोषको सेवा प्रवाह सञ्चयकर्तामैत्री रहेको, सूचना प्रविधिको उपयोग मार्फत सञ्चयकर्तालाई सरल र सहज रुपमा सेवा प्रवाह गर्दै आएको बताउनुभयो। उहाँले स्थानीय तहमा आएर सञ्चयकर्ता सुसूचित गर्ने उद्देश्यले गरिएको अभिमुखीकरण कार्यक्रमको प्रशंसा समेत गर्नुभएको थियो।

कोषका सहायक चक्रमणि पोखरेलले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा करिब ५० जना सञ्चयकर्ताको सहभागिता रहेको थियो। कार्यक्रम २०८२ असार २३ गते सम्पन्न भएको छ।

## प्रशासनिक समन्वय परिषद्मा कोषको प्रस्तुतीकरणलाई निरन्तरता

प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश सरकारले आयोजना गरेको कोशी प्रदेश प्रशासनिक समन्वय परिषद्को तेस्रो बैठक (तेस्रो चरण) मा कोषबाट हुने सेवा प्रवाह, सञ्चय कोष तथा निवृत्तभरण कोष व्यवस्थापन, कोषका उद्देश्य तथा भावी कार्यदिशा बारे जानकारी गराइएको छ।



बैठकमा कोषको तर्फबाट शाखा कार्यालय विराटनगरकी कार्यालय प्रमुख वरिष्ठ प्रबन्धक रुकमणी ठकुरीले कोषको परिचय, ऐतिहासिक पृष्ठभूमि, कोषको स्रोत तथा उपयोग, कोषको संस्थागत संरचना, कोषका प्रमुख सेवाहरू, योगदानमूलक निवृत्तभरण योजना सञ्चालनका आधारहरू, निवृत्तभरण कोष ऐन, २०७५ ले निर्धारण गरेको क्षेत्राधिकार, निवृतभरण योजनाका व्यवस्था एवम् विशेषता, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८०, प्रदेश निजामती सेवा ऐन, २०७९ र प्रदेश निजामती सेवा नियमावली २०८१ मा भएका निवृत्तभरणसम्बन्धी व्यवस्था, योगदानमा आधारित निवृत्तरण व्यवस्थापन सम्बन्धमा नेपाल सरकारबाट जारी भएका परिपत्र एवम् पत्राचारबारे प्रस्तुतीकरण गर्नुभएको थियो।

कोशी प्रदेश प्रशासनिक समन्वय परिषद्का संयोजक एवम् प्रमुख सचिव चन्द्रकला पौडेलको अध्यक्षता रहेको बैठकमा पाँचथर जिल्लाका प्रमुख जिल्ला अधिकारीको प्रमुख आतिथ्यता रहेको थियो। उक्त कार्यक्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रदेश सचिव पवनकुमार तिमल्सेना, कानून सचिव राजुप्रसाद गुरागाई, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका उपसचिव अर्जुन निरौला, ताप्लेजुङ, पाँचथर र ईलाम जिल्लाका जिल्ला समन्वय अधिकारीहरू, उक्त जिल्लाका नगरपालिका तथा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतहरु, मुख्यमन्त्री कार्यालयका शाखा अधिकृत, प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रमका कर्मचारी, कोषका सहायक प्रबन्धकद्वय कमलेश कुमार यादव तथा काशीनाथ खतिवडा लगायत करिब ५० जना सहभागीको उपस्थिति रहेको थियो।

अन्तरक्रियात्मक रहेको उक्त कार्यक्रम २०८२ जेठ ११ गते फिदिममा सम्पन्न भएको थियो। यसअघि धनकुटा जिल्लाको हिलेमा सम्पन्न कोशी प्रदेश प्रशासनिक समन्वय परिषद्को बैठकमा समेत कोषले निवृतभरण व्यवस्थापन सम्बन्धमा प्रस्तुतीकरण गरिसकेको छ।

# शाखा कार्यालय, जनकपुर

## कोषको नवनिर्मित कार्यालय भवनबाट सेवा प्रवाह सुरू

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, जनकपुरले मिति २०८२/०१/२१ देखि जनकपुर उपमहानगरपालिका वडा नम्वर १२ एअरपोर्ट रोडस्थित आफ्नै नवनिर्मित कार्यालय भवनबाट सेवा प्रवाह गर्न सुरू गरेको छ।



कोषको जनकपुरस्थित शाखाबाट मधेश प्रदेश, कोशी प्रदेश र बागमती प्रदेशका ओखलढुङ्गा, उदयपुर, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सिन्धुली, सर्लाही र रौतहट जिल्लाका सञ्चयकर्ताहरूले सेवा प्राप्त गर्दै आइरहेका छन् भने शाखामा सम्पर्क गर्ने सबै क्षेत्रका सञ्चयकर्ताहरू समेत लाभान्वित हुँदै आएका छन्।

## सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम



कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, जनकपुरको आयोजनामा मिति २०८२/०३/२३ गते नेपाली सेनाको श्री गोरखनाथ गण, महोत्तरीमा कर्मचारी सञ्चय कोषबाट सञ्चयकर्ताका लागि प्रवाह गरिने सेवा सुविधा सम्बन्धी सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। कोष कार्यालय जनकपुरका कार्यालय प्रमुख अर्जुन निरौला लगायत शाखाका कर्मचारीहरू तथा श्री गोरखनाथ गणका निमित्त गणपति ध्रुव कार्कीको सहभागितामा सम्पन्न उक्त कार्यक्रममा करिव २०० जना सञ्चयकर्ताहरुको सहभागिता रहेको थियो।

## कर्मचारीहरूलाई तालिम

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, जनकपुरले धितोमा आधारित कर्जा प्रवाह गर्दा राखिने धितोलाई गुणस्तरीय बनाई लगानीलाई सुरक्षित बनाउने उद्देश्यले मिति २०८२/०३/२० गते शाखाका सबै कर्मचारीहरूको सक्रिय सहभागिता गराइ जग्गा प्रशासन सम्बन्धी एक दिने तालिममा मालपोत कार्यालय जनकपुरका प्रमुख गणेशप्रसाद अर्याल, नापी कार्यालय, जनकपुरका प्रमुख उमेशकुमार, गुठी संस्थान जनकपुरका प्रमुख आनन्द कर्माचार्य र धितो मूल्याङ्कनकर्ता इञ्जिनियर स्नेही शाहले विज्ञको रूपमा जग्गा प्रशासनसम्बन्धी जानकारी प्रदान गर्नुभएको थियो।

# शाखा कार्यालय, पोखराको गतिविधि

## कार्यालय प्रमुखहरुबीच अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

मिति २०८२ जेष्ठ ०५ मा जिल्ला प्रशासन कार्यालय, कास्कीको समन्वयमा उक्त कार्यालयको सभा हलमा कोषको शाखा कार्यालय, पोखराले कास्की जिल्लास्थित विभिन्न सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुखहरूबीच अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। उक्त कार्यक्रममा कार्यालय प्रमुख मदन सुवेदीले कोषको सेवासुविधाका सम्बन्धमा कार्यपत्र प्रस्तुतीकरण गर्नुभएको थियो। उहाँले कोषका सहायक प्रबन्धकद्वय पारसमणि भण्डारी र आरती भुसाल बास्तोला तथा सचिन सापकोटाको सहयोग सञ्चालित कार्यक्रममा प्रमुख जिल्ला अधिकारीसहित अन्य सहभागी सञ्चयकर्ता (कार्यालय प्रमुखहरू) ले उठाएका प्रश्न तथा जिज्ञासाहरूको उत्तर दिनुभएको थियो।




*कार्यपत्र प्रस्तुत गर्दै कार्यालय प्रमुख मदन सुवेदी*

उक्त कार्यक्रममा कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारी सहित ६० भन्दा बढी कार्यालयका प्रमुखहरूको सहभागिता रहेको थियो।

## अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

सञ्चयकर्ताहरूको लागि कोषको सेवासुविधा सम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको छ।

सञ्चयकर्ताहरूको उल्लेख्य सहभागितामा रहेको सो कार्यक्रममा कार्यालय प्रमुख मदन सुवेदीले कोषको सेवा सुविधाका सम्बन्धमा कार्यपत्र प्रस्तुतीकरण गर्नुभएको थियो। सामाजिक सुरक्षा र धितोमा आधारित सञ्चयकर्ता सापटीहरूको बारेमा कोषका सहायक प्रबन्धक पारसमणि भण्डारी र सेवा प्रवाहमा नविनतम अभ्यासहरूका बारेमा कोषका प्रमुख सहायक अजिता खतिवडाले कार्यपत्रसँग सम्बन्धित प्रस्तुतीकरण गर्नुभएको थियो।

कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल, गण्डकी प्रदेशका अध्यक्ष खोमराज शर्माले कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, पोखराले अपाङ्गता भएका सञ्चयकर्ताहरूलाई कोषको सेवा सुविधाका बारेमा जानकारी गराउने उद्देश्यका साथ अन्तरक्रिया तथा छलफल कार्यक्रम आयोजना गरेकोमा आभार प्रकट गर्नुभयो। साथै, उहाँले आफ्नो मन्तव्यको क्रममा अपाङ्गता भएका सञ्चयर्ताहरूको सुझावहरूलाई नीति निर्माणमा समेत समावेश गर्न कोष व्यवस्थापनसँग आग्रह गर्नुभयो।

## योगदानमा आधारित निवृत्तभरणसम्बन्धी प्रदेशस्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न




गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, पोखराको समन्वय तथा सहयोगमा मिति २०८२/०३/२४ मा कर्मचारी सञ्चय कोष, शाखा कार्यालय पोखराद्वारा आयोजित योगदानमा आधारित निवृत्तभरण योजना सम्बन्धी प्रदेशस्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

Temple Tree Resort and Spa, लेकसाइड, पोखरामा आयोजित कार्यक्रममा गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, पोखराका प्रमुख सचिव डा. खगेन्द्रप्रसाद सुवेदी प्रमुख अतिथि रहनुभएको कार्यक्रममा विशेष अतिथिको रूपमा कर्मचारी सञ्चय कोषका सह प्रशासक जीवन कुमार कट्वाल र अतिथिका रूपमा कोषका विभागीय प्रमुखद्वय दामोदर प्रसाद सुवेदी र विरेन्द्र पौडेल रहनुभएको भने अध्यक्षता कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, पोखराका कार्यालय प्रमुख मदन सुवेदीले गर्नुभएको थियो।

कार्यक्रममा गण्डकी प्रदेशका विभिन्न मन्त्रालय तथा आयोगहरूका सचिवहरू, मुख्य न्यायाधिवक्ता कार्यालय तथा

क्रमशः....पेज ८




*कार्यक्रमको समापन पश्चात कर्मचारीहरूको सामूहिक तस्विर*

निर्देशनालयका निर्देशकहरू, गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उप सचिवहरूको समेत उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, पोखराका सहायक प्रबन्धक पारसमणि भण्डारीले गर्नुभएको थियो । कार्यक्रममा कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, पोखराका उप प्रबन्धक रामप्रसाद अधिकारीले स्वागत मन्तव्य सहित शाखा कार्यालय पोखराले प्रदान गर्दै आइरहेको सेवा सुविधाको बारेमा जानकारी दिनुभएको थियो ।

कार्यक्रममा प्रदेश सरकार तथा स्थानीय निकायका कर्मचारीहरूलाई लक्षित गरी योगदानमा आधारित निवृत्तभरण योजना सम्बन्धी विस्तृत कार्यपत्र कोषका निवृत्तभरण व्यवस्थापन तथा सामाजिक सुरक्षा विभागका विभागीय प्रमुख विरेन्द्र पौडेलले प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रसँग सम्बन्धित जिज्ञासाहरूको सम्बोधन कार्यपत्र प्रस्तोता र कोषका सह प्रशासक  जीवन कुमार कट्वालले गर्नुभएको थियो । साथै, सोही कार्यक्रममा विभिन्न प्रदेश मन्त्रालयका सचिव, निर्देशक तथा अन्य सहभागीहरूले कार्यपत्रसँग सम्बन्धित सुझावहरू दिनुभएको थियो ।

छलफल तथा अन्तरक्रिया कार्यक्रमका विशेष अतिथि कर्मचारी सञ्चय कोषका सह प्रशासक जीवनकुमार कट्वालले कर्मचारी सञ्चय कोषले सङ्घीय सरकार अन्तर्गतका कर्मचारीहरूको सञ्चय कोष र योगदानमा

आधारित निवृत्तभरण कोषको व्यवस्थापन सफलरूपमा गर्दैआइरहेको सन्दर्भमा गण्डकी प्रदेश सरकारले पनि योगदानमा आधारित निवृत्तभरण कोष ऐन तर्जुमा गरी प्रदेशस्तरीय योगदानमा आधारित निवृत्तभरण व्यवस्थापन गर्नुपर्ने आवश्यकता औँल्याउनु भयो ।

कार्यक्रमका प्रमुख अतिथि सुवेदीले सङ्घीय सरकारले वि.सं. २०७५ मै निवृत्तभरण कोष ऐन ल्याई कार्यान्वयन गरिसकेकोले प्रदेश र स्थानीय तहले समेत सोसम्बन्धी कानून बनाई लागू गर्नुपर्ने विषयमा जोड दिनुहुँदै गण्डकी प्रदेशले योगदानमा आधारित निवृत्तभरण सम्बन्धी ऐन निर्माण गरी सो को व्यवस्थापन पनि कर्मचारी सञ्चय कोषलाई नै दिन प्रदेश सरकार तयार रहेको बताउनु भयो ।

# अन्तरक्रिया तथा KYC अद्यावधीकरण



*कार्यक्रम समापनपश्चातको सामूहिक तस्विर*

मिति २०८२ असार १२ मा श्री महावीर गण (रेन्जर), एयरपोर्ट ब्यारेक, पोखरा, कास्कीमा कर्मचारी सञ्चय कोषबाट प्रवाह हुने सेवा सुविधा र सो को प्रक्रिया सम्बन्धी अभिमुखीकरण/अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । शाखाका सहायक प्रवन्धक शशी पोखरेल तथा प्रमुख सहायक अजिता खतिवडाले कोषका सेवा सुविधाबारे प्रस्तुतीकरण गर्नुका साथै सञ्चयकर्ताले उठाएका जिज्ञासाहरूको सम्बोधन गर्नुभएको थियो । यसैगरी, मिति २०८२ असार २० मा कालीजङ्ग गण, घोडाबाँधे ब्यारेक, बाग्लुङ्गमा पनि सोही प्रकारको अभिमुखीकरण/अन्तरक्रियाकार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा सञ्चयकर्ताले उठाएका जिज्ञासाको सम्बोधन शाखाका सहायक प्रवन्धक पारसमणि भण्डारी तथा प्रमुख सहायक लोकेन्द्र पौडेलले गर्नुभएको थियो । तत्पश्चात् सोही कार्यक्रममा सहभागी सञ्चयकर्ताहरूको Onsite KYC अद्यावधिक गरियो । उल्लिखित दुवै कार्यक्रमबाट क्रमशः १०५ र ९८ जना गरी कूल २०३ सञ्चयकर्ता लाभान्वित भएका छन् ।

# सञ्चयकर्ता अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न




त्यस्तै मिति २०८२/०२/२२ गते कपिलवस्तु जिल्लाको बुद्धभूमि नगरपालिकामा सञ्चयकर्ता अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ। उक्त कार्यक्रममा नगर क्षेत्रमा रहेका सम्पूर्ण विद्यालयका प्रधानाध्यापक र लेखासम्बद्ध कर्मचारी तथा नगरपालिकामा कार्यरत कर्मचारीहरु समेत गरी करिब १०० जना सञ्चयकर्ताको सहभागिता रहेको थियो।

बुद्धभूमि नगरपालिकाको सभा हलमा सम्पन्न उक्त कार्यक्रमा नगर प्रमुख केशव श्रेष्ठ प्रमुख अतिथि रहनुभएको थियो भने प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत, लेखा अधिकृत लगायतका वक्ताहरूले कोषले प्रदान गरिरहेको सेवा सुविधा अत्यन्तै उपयोगी र कर्मचारीमैत्री रहेको बताउनुभयो। उक्त कार्यक्रममा कोषले प्रदान गरिरहेको सेवा सुविधा तथा समाजिक सुरक्षा सुविधा, कोषको डिजिटल सेवा सम्बन्धी विषयमा प्रशिक्षण, छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो।

मिति २०८२/०३/०४ मा नवलपरासी जिल्लाको सुस्ता गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण विद्यालयहरूका प्रधानध्यापक तथा लेखा हेर्ने कर्मचारीको उपस्थितिमा कोषको शाखा कार्यालय, बुटवलले अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ। सुस्ता गाउँपालिकाको सभा हलमा सञ्चालित कार्यक्रममा ७० जना सञ्चयकर्ताहरूको सक्रिय सहभागिता रहेको थियो।

कार्यक्रमको सहजीकरण गाउँपालिकाको शिक्षा समन्वय इकाई तथा गाउँपालिकाको कार्यालयले गरेका थिए। उक्त कार्यक्रमको सञ्चालन कोषका सहायक प्रबन्धक कृष्णप्रसाद पोखरेलले गर्नुभएको थियो भने सहायक प्रवन्धक महेन्द्र पन्थीले कोषले प्रदान गरेको वितिय सेवा तथा समाजिक सुरक्षा सुविधा कोषको डिजिटल सेवासम्वन्धी विषयमा जानकारी दिनुभएको थियो।

त्यसैगरी रूपन्देही जिल्लाको सैनामैना नगरपालिकामा रहेको श्री २ नं. सैन्य तालिम गणमा नयाँ भर्ना भएका ५०० जना सैन्यहरूलाई गणको सभा हलमा कोषले प्रदान गरिरहेको सेवा सुविधा तथा सामाजिक सुरक्षा सुविधा सम्बन्धी जानकारी लगायत, अनलाइन विशेष सापटी लिने प्रक्रिया, सापटी धितोमा आधारित सापटी, योगदानमा आधारित निवृतभरण, कोषबाट प्रदान गरिएका सामाजिक सुरक्षा सुविधा, व्याक्तिगत KYC अद्यावधिक गर्ने तरिका आदि विषयमा प्रशिक्षण, छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ।

# अध्ययन तालिम कार्यक्रम सम्पन्न

कोषबाट प्रवाह हुने धितोमा आधारित सापटी प्रवाहमा धितो पहिचानको क्रममा हुनसक्ने जोखिम न्यूनीकरणका लागि नापी नक्सा अध्ययन विषयमा एक दिवसीय क्षमता अभिवृद्धि कार्यक्रम शाखा कार्यलय, बुटवलले सम्पन्न गरेको छ। कोषको शाखा कार्यालय, बुटवलमा कार्यरत कर्मचारीको क्षमता विकास लागि मिति २०८२/०३/२३ गते एसियन होटलको सभा हलमा नापी कार्यालय, बुटवलका प्रमखु कृष्ण प्रसाद आचार्यद्वारा जग्गाको किसिम, नापी नक्साको प्रकार, नक्सा स्केल, duplicate नक्साको पहिचान गर्ने, नक्सा हेर्न तथा जग्गा पहिचान लगायत जग्गा नापजाँच सम्बन्धी विविध विषयमा अन्तरक्रिया गरिएको थियो।



## ज्ञान आदानप्रदान (Knowledge Sharing) कार्यक्रम सम्पन्न

कोषको शाखा कार्यालय, बुटवलमा मिति २०८२/०३/०६ गते ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ। शाखाका सबै कर्मचारीको उपस्थिति रहेको उक्त कार्यक्रममा शाखा प्रमुख कृष्णबहादुर जि.सी. ले ज्ञान आदानप्रदान (Knowledge Sharing) कार्यक्रमले कर्मचारीको क्षमता अभिवृद्धि हुनुका साथै कार्यदक्षता कार्यकुशलता अभिवृद्धि भई कोषको सेवा प्रवाहमा गुणस्तरीयता एवम् प्रभावकारिता आउने कुरा बताउनु भएको थियो।

# शाखा कार्यालय, कोहलपुरका गतिविधि

## अन्तरक्रिया कार्यक्रम सम्पन्न



*सहभागीहरूसँग लिइएको तस्वीर*

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, कोहलपुरको आयोजनामा मिति २०८२/०३/२५ गते नेपाली सेनाको मध्यपश्चिम पृतना तालिम शिक्षालय, कोहलपुर नगरपालिका ०१, बाँकेमा कोषबाट प्रदान भइरहेका वित्तीय सुविधाहरू, धितोमा आधारित सापटी सुविधाहरू, सामाजिक सुरक्षा सुविधाहरू र योगदानमा आधारित निवृत्तभरण कोष सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ।

कार्यक्रममा उक्त तालिम केन्द्रका सेनानी दिपेन्द्र मल्लको उपस्थितिमा १५७ जना नयाँ तथा पुराना सैन्य कर्मचारीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा कोषको तर्फबाट सहायक प्रबन्धक मोहनराज कडेलले कोषबाट प्रदान हुँदै आएका सेवासुविधाहरुका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो भने कार्यक्रममा सहभागीहरूले राखेका जिज्ञासाहरूको कोषका सहायक प्रबन्धक तोजेन्द्र रोकाय र उप प्रबन्धक राम फुयालले सम्बोधन गर्नुभएको थियो।

# शाखा कार्यालय, हेटौंडाका गतिविधिहरू

## अन्तरक्रिया कार्यक्रम सम्पन्न

मिति २०८२ बैशाख ०७ गते जिल्ला प्रशासन कार्यालय, पर्सामा जिल्लास्थित कार्यालयका कार्यालय प्रमुखहरुसँग कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, हेटौडाको अन्तर्क्रिया सम्पन्न भएको छ । कोषको तर्फबाट कार्यालय प्रमुख डा. दिलिपराज पौडेलले कोषले प्रदान गर्ने विशेष सापटी, धितोमा आधारित कर्जा प्रवाहको सम्बन्धमा धितोको मूल्याङ्कन, कर्जाको किस्ता, कर्जा चुक्ता गर्ने प्रक्रियाका बारेमा कोषको परिमार्जित विनियमावली बमोजिम प्रस्तुति राख्नुभएको थियो।



# थप ३ वटा संस्थासँग कोषकट्टी सम्झौतामा हस्ताक्षर

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, हेटौंडाले आर्थिक बर्ष २०८१/८२ को वैशाखदेखि असार मसान्तसम्म थप ३ वटा संस्थासँग सम्झौता गरेको छामिति २०८२/०१/१५मा कमल पोखरी गरिबी निवारण साना किसान कृषि सहकारी संस्था लि., मिति २०८२/०२/२१ मा जगतपुर केरुङ्गा खानेपानी तथा सरसफाई उपभोक्ता समिति, मिति २०८२/०२/३० मा देउराली हुप्सेकोट शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था र २०८२/०३/०३ मा खानेपानी तथा सरसफाई उपभोक्ता समिति, जीतपुर, सिमरा-१६, सखुवाघाटसँग कोषकट्टी सम्झौतामा हस्ताक्षर भएको हो। यससँगै आर्थिक बर्ष २०८१/८२ मा शाखा कार्यालय हेटौडामा नयाँ संस्था आवद्धता संख्या ८ पुगेको छ।

# शाखा कार्यालय, हेटौँडाबाट प्रदान गरिएका सेवा सुविधाहरू

शाखा कार्यालय हेटौडाले आ.व. २०८१/८२ मा सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सुत्केरी तथा शिशु स्याहार हेरचाहमा १५७६ जनालाई ११ करोड ८२ लाख, काजक्रिया अनुदान अन्तर्गत २४ जनालाई ९ लाख ६० हजार, औषधी उपचार अन्तर्गत २७ जनालाई १ लाख ३२ हजार १८ रूपैया र ६ जनालाई कल्याणकारी सुविधाका लागि ९ लाख रूपैया वितरण गरेको छ। धितोमा आधारित सञ्चयकर्ता सापटी अन्तर्गत सरल सापटी ३५ जनालाई, घर सापटी ४५ जना, जग्गा खरीद सापटी ३ जना र शैक्षिक सापटी ३ जना गरि कूल ८६ जनालाई २० करोड १७ लाख ४७ हजार नयाँ ऋण प्रवाह गरेको छ। त्यस्तै गत बर्ष भाका नाघेका ब्याज मध्ये करिब ५ करोड ५ लाख ब्याज असुली (६३.५७%) तथा नियमित तर्फ १५ करोड ४९ लाख (८०.५७%) ब्याज असुली गरेको छ।

# कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, सुर्खेतका गतिविधि

## सञ्चयकर्ता अभिमुखीकरण कार्यक्रम सम्पन्न

कर्मचारी सञ्चय कोषले वीरेन्द्र सैनिक महाविद्यालय, मङ्लगढी सुर्खेतमा एक कार्यक्रम आयोजना गरी सञ्चयकर्ता अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ। मिति २०८२/०३/२४ मा सम्पन्न उक्त कार्यक्रममा महाविद्यालयका शिक्षक, कर्मचारी लगायत ७३ जना सहभागी भएका थिए। कोषको तर्फबाट शाखा कार्यालय सुर्खेतका कार्यलय प्रमुख मुकुन्द अर्याल, उपप्रबन्धक भरतकुमार साउद तथा सहायक प्रबन्धक राजकुमार शाहीले कोषको सेवा सुविधाको बारेमा प्रकाश पार्नुभएको थियो। सो अवसरमा उक्त महाविद्यालयका प्रमुख प्रेमबहादुर विश्वकर्माले कोषको सेवाबारेमा जानकारी गराउन विद्यालयमै आएर कार्यक्रम गरिदिनुभएकोमा धन्यवाद प्रदान गर्नुभएको थियो।

यसैगरी मिति २०८२/०१/३० मा नेपाली सेनाको उत्तर पश्चिम पृतना तालिम शिक्षालय, लेकफर्सा ब्यारेक सुर्खेतमा सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ। कोषका तर्फबाट प्रशिक्षकका रुपमा शाखा कार्यालय सुर्खेतमा कार्यरत उप प्रबन्धक भरतकुमार साउद सहभागी हुनुभएको थियो। कूल १५२ जनाको उपस्थिति रहेको उक्त अभिमुखीकरण कार्यक्रममा कोषबाट प्रवाह हुने सञ्चयकर्ता सेवा सम्बन्धमा प्रकाश पारिएको थियो। उक्त अवसरमा सो शिक्षालयका प्रमुख सेनानी ईश्वर सेजुवालले कर्मचारी सञ्चय कोषबाट प्राप्त हुने सेवा सुविधाबारेको जानकारी प्रदान गरी नयाँ भर्ना भएका सैन्यहरुमा उत्प्रेरणा र मनोबल बढाउने कार्य भएकोमा खुशी व्यक्त गर्दै धन्यवाद दिनुभएको थियो।

## साइबर सुरक्षा विषयमा तालिम

कर्मचारी सञ्चय कोष, सुर्खेतमा कार्यरत कर्मचारीहरुका लागि साइबर सुरक्षा, जोखिम तथा चुनौती विषयमा सचेतना तालिम सञ्चालन गरिएको छ। मिति २०८२/०३/२८ गते सञ्चालित तालिममा प्रशिक्षकका रुपमा शाखा कार्यालयमा कार्यालय प्रमुख मुकुन्द अर्याल, जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी नायब उपरीक्षक मोहनजङ्ग बुढथापा तथा सुर्खेत जिल्लाका जिल्ला न्यायाधिवक्ता डम्बरप्रसाद काफ्ले रहनुभएको थियो। उपप्रबन्धक भरतकुमार साउदले सहजीकरण गर्नुभएको उक्त तालिम कार्यक्रममा शाखा कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरु सहभागी हुनुभएको थियो। उक्त कार्यक्रममा प्रहरी नायब उपरीक्षक मोहनजङ्ग बुढथापाले Introduction to cyber threats अन्तर्गत Safe internet practices, Social media safety ,Mobile safety, Online scam and fraud, Dark web and crypto Investigation, Cyber Hygiene, Reporting and support, Nepalese context, Experience sharing बारेमा प्रकाश पार्नुभएको थियो। त्यस्तै जिल्ला न्यायाधिवक्ता डम्बरप्रसाद काफ्लेबाट साइबर अपराध र उपचारसम्बन्धी कानुनी व्यवस्था अन्तर्गत Cyber laws and legal framework,Nepalese legal system and cyber law, Legality of e-signature and Digital documents,Online trading, Online agreements बारे प्रशिक्षण प्रदान भएको थियो। सोही तालिममा कार्यालय प्रमुख मुकुन्द अर्यालबाट कोषको सेवा प्रवाहमा अपनाउनु पर्ने सजगताका बारेमा प्रशिक्षण प्रदान गर्नुभएको थियो।

# शाखा कार्यालय, धनगढीका गतिविधि

## अन्तरक्रिया तथा KYC अद्यावधिक




कोषको धनगढी शाखा कार्यालयले KYC अद्यावधिक गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाएको छ। यसै सिलसिलामा मिति २०८२ जेठ ९ गते डोटी जिल्लाको प्रहरी तालिम केन्द्र, बुडरमा नवनियुक्त ९९ जना प्रहरी जवानहरुको On site KYC अद्यावधिक गर्ने तथा कोषले प्रदान गर्ने सेवा सुविधा र प्रक्रियाका सम्बन्धमा सहायक प्रबन्धक बेदप्रकाश रावलले प्रकाश पार्नुभएको थियो।

यसैगरी, मिति २०८२ वैशाख २७, २८ र २९ गत सुदूरपश्चिम प्रदेश, तालिम केन्द्र, दिपायल डोटीमा नव नियुक्त १९८ जना प्रहरी जवानहरूको स्थलगतरूपमा On Site KYC Update गर्नुका साथै कोषले प्रवाह गर्ने सेवा सुविधा तथा प्रक्रियाका सम्बन्धमा प्रमुख सहायक नमराज बिष्ट र सहायक सङ्घर्ष श्रेष्ठले जानकारी प्रदान गर्नुभएको थियो।

# सेवाकेन्द्र, धनकुटा गतिविधि

## आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न



कोषको सेवाकेन्द्र, धनकुटामा आर्थिक वर्ष २०८१/८२ का लागि आन्तरिक लेखाप्रीक्षण गर्न खटिनुभएका MRU Associates Company का Chartered Accountant मनोज के.सी., Semi-Qualified Chartered Accountant आशिष गुप्ता तथा लेखापरीक्षण विभागबाट सहायक प्रबन्धक मकुन्ददेव चौधरी सहितको टोलीले मिति २०८२/०१/२८ र २९ गते आ.व. २०८१/८२ चैत्र मसान्तसम्मको यस सेवाकेन्द्रबाट भएका आर्थिक कारोबारहरूको आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गरेको छ। साथै, लेखापरीक्षणबाट औंल्याइएका विषयहरूको निराकरण गरी लेखापरीक्षण प्रतिवेदनको जवाफसमेत लेखी पठाइएको छ।

## नयाँ संस्थासँग कोषमा सूचीकरण सम्झौता सम्पन्न

मिति २०८२/०३/२३ मा कर्मचारी सञ्चय कोष र धनकुटा नगरपालिकास्थित शिक्षाकर्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेडबीच संस्थाका कर्मचारीहरूको सञ्चय कोष जम्मा गर्न सम्झौता सम्पन्न भएको छ। सेवाकेन्द्र, धनकुटाबाट मिति २०८२/०३/०४ मा संस्था सूचीकरणका लागि पत्राचार गरे बमोजिम सञ्चयकर्ता सेवा विभागबाट मिति २०८२/०३/०८ मा "कर्मचारी सञ्चय कोष, सञ्चयकर्ता र कार्यालय तथा संस्था सूचीकरण विनियमावली, २०८१" बमोजिम हुनेगरी निर्णय भई मिति २०६८/०९/२४ मा डिभिजन सहकारी कार्यालय, धनकुटामा दर्ता (दर्ता नं. २२/२०६८/६९) भएको शिक्षाकर्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले कोषमा सूचीकरण हुने प्रक्रिया पूरा गरेकाले उक्त सम्झौता भएको हो।

# अन्तरक्रिया कार्यक्रम सम्पन्न



मिति २०८२ जेठ ६ गते पाख्रिबास नगरपालिकामा सेवा केन्द्र धनकुटाले अन्तक्रिया कार्यक्रम सञ्चालन गरेको थियो। कार्यक्रममा उप प्रमुख नम्रता गौतम तथा प्रमुख प्रशासकीय अधिकृत विज्ञान कोइराला र नगरपालिकाका अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरूको सहभागिता रहेको थियो । सेवाकेन्द्रका सहायक प्रबन्धक मोहन काफ्लेले स्वागत मन्तव्य राख्नुभएको थियो भने कार्यालय प्रमुख दीपकमणि रिसालले प्रदेश, स्थानीय निकाय तथा सार्वजनिक निकायका कर्मचारीहरूलाई योगदानमा आधारित योजनाअन्तर्गत कोषमा आवद्ध गर्न तथा कोषले प्रदान गर्ने सेवा सुविधा सम्बन्धी जानकारी दिन कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

# क्षेत्र विस्तारका विषयमा पत्रकारहरूसँग छलफल सम्पन्न

मिति २०८२ जेठ १८ गते खाँदबारी नगरपालिका अन्तर्गतका क्षेत्रहरूमा विस्तार गर्ने सम्बन्धमा एक कार्यक्रम आयोजना गरिएको थियो । प्रदेश, स्थानीय तह तथा सार्वजनिक निकायका कर्मचारीहरूलाई योगदानमा आधारित योजनामा कोषमा आवद्ध गर्न तथा कोषले प्रदान गर्ने सेवा सुविधासम्बन्धी जानकारी दिन आयोजित कार्यक्रमको अध्यक्षता खाँदबारी नगरपालिकाका नगर प्रमुख महेश थपलीयाले गर्नुभएको थियो । कार्यक्रमा उपप्रमुख महेश्वरा श्रेष्ठ तथा प्रमुख प्रशासकीय अधिकृत पदम प्रसाद बजगाईं, सो नगरपालिकाका अधिकृत कर्मचारी लगायत सम्पूर्ण कर्मचारीहरूको सहभागिता रहेको थियो ।

उक्त कार्यक्रममा सेवाकेन्द्रका सहायक प्रबन्धक मोहन काफ्लेले योगदानमा आधारित योजनामा कोषमा आवद्ध गर्न तथा कोषले प्रदान गर्ने सेवा सुविधा सम्बन्धी जानकारी दिन कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

# तालिम कार्यक्रम सम्पन्न

मिति २०८२/०२/१४ मा कोषको सेवाकेन्द्र, धनकुटाद्वारा सबै कर्मचारीहरुका लागि भूमि प्रशासन तथा नापी प्रशासनसम्बन्धी तालिम गते सम्पन्न भएको छ। तालिममा नापी कार्यालय तथा मालपोत कार्यालयका कार्यालय प्रमुखद्वय आनन्दकुमार देव र लेवन काश्यप अधिकारी यस सेवाकेन्द्रका सबै कर्मचारीहरूलाई प्रदान गर्नुभएको थियो ।

# सेवा केन्द्र, धनकुटामा कोषको O & M सम्बन्धमा छलफल सम्पन्न

कोषको सेवा केन्द्र, धनकुटामा मति २०८२/०२/१५ गते नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठाका निर्देशक सुन्दर श्रेष्ठ र उपनिर्देशक गोविन्द भण्डारीको उपस्थितिमा कर्मचारी सञ्चय कोषको O & M सम्बन्धी छलफल सम्पन्न भएको छ।

केन्द्रका प्रमुख दीपकमणि रिसाल तथा सहायक प्रबन्धक एवम् सूचना अधिकारी समीर बराईलीले कोषको O & M सम्बन्धमा उहाँहरूसँग छलफल गर्नुभएको भएको थियो।

# सुरक्षित भविष्यको लागि सञ्चय कोष तथा निवृत्तभरण कोष

कर्मचारी सञ्चय कोष ६३औं वर्ष प्रवेशको सुखद् अवसरमा सम्पूर्ण सञ्चयकर्ता तथा निवृत्तभरण योगदानकर्ताको सन्तुष्टीप्रति सदैव समर्पित रहँदै कोषका सेवा तथा सुविधालाई थप गुणस्तरीय र दिगो बनाउने प्रतिवद्धता सहित सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

## (१) सञ्चयकर्ता विवरण :

| विवरण | योगदानकर्ता | योगदानकर्ता कार्यालय |
|---|---|---|
| सञ्चय कोष | ५ लाख ७५ हजार | ३३ हजार ६ सय |
| निवृत्तभरण कोष | ८० हजार ४ सय | ३ हजार ८ सय |

## (२) आ.व. २०८०/८१ को वित्तीय विवरण :

| विवरण | सञ्चयकोष | निवृत्तभरण कोष | जगेडा कोष | दायित्वहरु | कूल स्रोत | कुललगानी |
|---|---|---|---|---|---|---|
| रकम रु. अर्वमा | ५१८.४८ | ११.२१ | ३५.३३ | ५.८३ | ५७०.८५ | ५५२.०३ |

## (३) वित्तीय सुविधाहरु :

### (क) सञ्चयकर्ता सापटी (आ व.२०८१/८२)

| विवरण | विशेष सापटी | घर सापटी | शैक्षिक सापटी | घर मर्मत सापटी | सरल सापटी | जग्गाखरिद सापटी |
|---|---|---|---|---|---|---|
| सापटी सीमा | कोष रकमको ९० प्रतिशतसम्म | रु.१ करोडसम्म | रु.४० लाखसम्म | रु.४० लाखसम्म | रु.६० लाखसम्म | रु. १ करोडसम्म |
| ब्याजदर | ६.६० प्रतिशत | ७.५० प्रतिशत | ७.५० प्रतिशत | ७.५० प्रतिशत | ८.०० प्रतिशत | ८.०० प्रतिशत |

मूल्याङ्कन रकमले खामेको अवस्थामा एउटै सञ्चयकर्तालाइ फरक फरक वा एउटै धितोमा फरक शीर्षकमा कूल सापटी रकम रु. १ करोड ५० लाखभन्दा बढी नहुने गरी सापटी स्वीकृत गर्न सकिने ।

**(ख) ब्याजमा छूट :** धितोमा आधारित कर्जाको ब्याज त्रैमासिक रुपमा भुक्तानी गरी नियमित गर्ने सञ्चयकर्ताको सम्बन्धित त्रैमासमा ०.२५ प्रतिशत विन्दुले ब्याजदरमा छूट दिने व्यवस्था गरिएकोछ ।

**(ग) ब्याज तथा मुनाफा** : आ.व. २०८१/८२ मा कोष रकममा ब्याज दर ५.५ प्रतिशत
: मुनाफा : १.१० प्रतिशत (२०८०/८१ को शुरु मौज्दातमा)

## (४) सामाजिक सुरक्षा सुविधाहरु :

**(क) सञ्चयकर्ता स्वास्थ्य उपचार योजना :** सञ्चयकर्ता वा निजको पति वा पत्नीको उपचार खर्चमध्ये **साधारण रोग**तर्फ प्रत्येक आर्थिक वर्षमा अधिकतम रू. १ लाखसम्म र **घातक रोग**को उपचारको हकमा सेवा अवधिभरमा अधिकतम रु. १० लाखसम्म रकम शोधभर्ना गरिने ।

**(ख) सुत्केरी तथा शिशु स्याहार योजना :** प्रति प्रसूती रु.७,५०० (२ पटकका लागि),

**(ग) दुर्घटना क्षतिपूर्ति योजना :** सञ्चयकर्ता वा निजको हकवालालाई रु. २ लाखसम्म,

**(घ) काजकिरिया अनुदान योजना :** हकवालालाई रु. ४० हजार ।

## (५) कोषका कार्यालयहरु :

**काठमाडौं उपत्यका :** पुल्चोक (केन्द्रीय कार्यालय), ठमेल, लगनखेल र सिंहदरबार ।
**उपत्यका बाहिर :** विराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत, धनगढी, धनकुटा र बिर्तामोड ।

**सम्पादन तथा प्रकाशन: योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग**

**कर्मचारी सञ्चय कोष**
**पुल्चोक, ललितपुर**
**फोन नं.: ५०१०१६५, ५०१०१६६**